# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## खजुरा गाउँपालिका
## बाँके

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

खजुरा गाउँपालिका

बाँके

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

खजुरा गाउँपालिका

बाँके

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन। अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

लुम्बिनी प्रदेश

मितिः२०८१।२।११

प.सं. २०८०।८१

च.नं. ९६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

**श्री अध्यक्षज्यू,**
**खजुरा गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**बाँके।**

१. **कैफियत सहितको राय** - हामीले खजुरा गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.५ करोड ९८ लाख ४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१ करोड ३८ लाख १९ हजार प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१६ लाख ६६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६६ लाख ६३ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ७८ लाख ६१ हजार र पेश्की बाँकी रु.९७ लाख ९४ हजार रहेको छ । खजुरा गाउँपालिकाको गतवर्ष सम्म रु.२३ करोड ३९ लाख ५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२७ करोड ९८ लाख ९० हजार रहेको छ । खजुरा गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग

सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने खजुरा गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी खजुरा गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(घनश्याम पराजुली)**
**नायब महालेखापरीक्षक**

## खजुरा गाउँपालिका,

बाँके जिल्ला,

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २६ | २५ | ५९८०४ | ० | ३ | १३८१९ | २६ | २२ | ४५९८५ | १६६६ | २७८६१ | ६६६३ | ० | ० | ३४५२४ | ९७९४ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाँके | २३३९०५ | ० | ० | २३३९०५ | ० | ४५९८५ | २७९८९० |

## ३. बेरुजु सम्परीक्षणको विवरण

(रु. हजारमा)

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | | | १३८१९ |
| | चालु वर्षको जम्मा | | | १३८१९ |
| | <u>गत विगत वर्षतर्फको</u> | | | |
| २ | २०७८।७९ | ० | - | ० |
| ३ | २०७७।७८ | ० | - | ० |
| ४ | २०७६।७७ | ० | - | ० |
| | गत विगतको जम्मा | ० | - | ० |
| | कुल जम्मा | ० | - | १३८१९ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## १ परिचय

**(क) कार्यालय परिचय** :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले खजुरा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु खजुरा गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, १०१.९१ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।०८ देखि २०८०।०९। १३ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** :- कार्यालयको विनियोजनतर्फ रु. ६४९३०६८१२ राजश्वतर्फ रु. धरौटीतर्फ रु. २५७७६८००, अन्य कारोबारतर्फ रु. ३९४६००१०४, गरी जम्मा रु. १०६९६८३६७५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** :- लेखापरीक्षणको क्रममा असुली नभएको ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

**२ कानून निर्माण र कार्यान्वय**

कानून र सञ्चालन स्थिति –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा खजुरा गाँउपालिकाले हालसम्म ५ वटा ऐन, १८ वटा कार्यविधि लगायत २३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। गाँउपालिकाले सेवाप्रवाहलाई एकरुपता ल्याउन तथा व्यवस्थित गराउनको लागि आवश्यक कानून यथाशिघ्र निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**३ वजेट तथा कार्यक्रम**

३.१ बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । खजुरा गाँउपालिकामा उपाध्यक्षद्धारा मिति २०७९।३।१० गते रु. ८३ करोड ८५ लाख ४३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।२३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । गाँउपालिकाले कानूनले तोकेको समयमानै वजेट पेश तथा स्वीकृत गरी प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी दिएको पाईयो।

३.२ अवण्डा वजेट: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम ६७ (२) मा स्थानीय तहले बजेट निर्माण गर्दा बजेटको सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकरण गर्नुपर्दछ । कार्यक्रममा दोहोरोपना नहुने गरी कार्यक्रम बनाउदा योजना र कार्यक्रम स्पष्ट रुपमा निर्धारण गरी बजेट व्यवस्थापन गर्नुपर्दछ भन्ने व्यहोरा उल्लेख छ । योजना तथा कार्यक्रम स्पष्ट नपारी बजेट विनियोजन गर्नु हुँदैन । अर्थात अवण्डा रहने गरी बजेट विनियोजन गर्न हुँदैन । गाउँपालिकाले यो वर्ष प्रत्येक क्षेत्रमा विषयगत रुपमा खानेपानी तथा , भाषा संस्कृति, पर्यटन प्रवर्धन, सहकारी, जलस्रोत तथा सिचाई, वित्तीय क्षेत्र जस्ता क्षेत्रमा रु ३ करोड ९८ लाख ८० हजार विनियोजन गरेको छ । सो क्षेत्रबाट कार्यपालिकाको निर्णयले नयाँ योजना निर्माण गरी खर्च भएको अवस्था छ । गाउँसभालाई छल्ने हिसाबले बजेटको निर्माण गरी कार्यपालिकाले नयाँ योजनामा खर्च गर्ने प्रणालीको अन्त गर्नुपर्दछ ऐनको व्यवस्था बमोजिम स्पष्ट कार्यक्रम तथा योजना वार्षिक बजेटमा व्यवस्था गरी बजेटको व्यवस्था साथ तोकिएको योजना मात्र कार्यान्वयनमा ल्याउनुपर्दछ ।

३.३ कार्यक्रम संशोधन : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा कार्यक्रम सम्पन्न गर्न नसक्नुको कारण तथा

नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था छ। कार्यपालिकाले गाउँसभाबाट स्वीकृत भएको बजेट तथा कार्यक्रम संशोधन गर्दा वा रकमान्तर गर्दा कानुनबमोजिम साविकको कार्यक्रम गर्न नसक्नुको कारण र नयाँ कार्यक्रम गर्नुपर्नाको कारणसहित संशोधन गर्ने गरेको छैन । नयाँ योजना कार्यान्वयन गर्दा समेत नयाँ योजना सञ्चालन गर्नुपर्ने कारण समेत उल्लेख गरेको छैन । कानुनमा भएको व्यवस्था बमोजिम कार्यक्रम संशोधन गर्दा वा नयाँ योजना सञ्चालन गर्दा सो गर्नुपर्नाको कारण उल्लेख गरी कार्यान्वयन गर्नुपर्दछ।

३.४ क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । खजुरा गाँउपालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट (रु.हजारमा) | खर्च (रु. हजारमा) | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७०२९६ | ३१६१२ | ४.८६ |
| २ | पूर्वाधार विकास | २६९३५६ | १३३५५८ | २०.५६ |
| ३ | सामाजिक विकास | ४१०३५३ | ३७८६४९ | ५८.३२ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३८५४६ | २६१२४ | ४.०२ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १००२७० | ७९३६३ | १२.२२ |
| **जम्मा** | | **८८८८२१** | **६४९३०६** | १०० |

उपरोक्त विवरण अनुसार पालिकावाट भएको खर्च मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५८.३२ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटी ४.०२ प्रतिशत रहेको छ । त्यस्तै आर्थिक विकास र पूर्वाधार विकासमा क्रमशः ४.८६ र २०.५७ प्रतिशत मात्र वजेट खर्च भएको छ । पालिकाले वजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय रोजगार वृद्धि गर्ने, उत्पादन वृद्धी गर्ने तथा सन्तुलित हुने गरी गर्नुपर्दछ । यस तर्फ पालिकाको ध्यान जानु जरुरी छ ।

३.५ वितरणमुखी कार्य : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ (३) मा गाउँपालिकाले योजना बनाउँदा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक र छिटो प्रतिफल दिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने जस्ता योजनाको छनोट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ। गाउँसभाले प्रस्तुत गरेको बजेट विभिन्न क्षेत्रमा गरी रु २० हजारदेखि रु ३ लाखसम्मका ३०० योजनामा रकम विनियोजन गरेको छ । सडक पूर्वाधार क्षेत्रमा माटो पटान तथा ग्राबेल कार्यक्रम भनी रु. १ लाख देखी ५० हजारसम्म विनियोजन गरेको छ । यसरी ससाना योजनामा ठूलो संख्यामा रकम विनियोजन गर्दा त्यसको उपलब्धि नगन्य हुन्छ। यस्ता वितरणमुखी कार्यक्रममा गाउँपालिकाले जोड नदिई उत्पादनमूलक र आर्थिक विकास तथा गरिबी निवारण, रोजगारी सिर्जना गर्ने योजनाको पहिचान गरी कार्यान्वयन गर्नुपर्दछ।

३.६ अनुदान फिर्ता – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण ( सुत्रको अनुसूची १२ र २१) अनुसार २080 असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा सम्वन्धित निकायमा फिर्ता गरेको पाइयो ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम (रु. हजारमा) | खर्च रकम (रु. हजारमा) | बाँकी रकम (रु. हजारमा) |
|---|---|---|---|---|
| **संघीय सरकार अनुदान** | सशर्त | ३६१९८२ | ३३४५५४ | २७४२८ |
| | विषेश | ५१२५ | ३०२४ | २१०१ |
| | समपुरक | २४९९ | २४४३ | ५६ |
| **संघीय सरकार अनुदान जम्मा रु.** | | **३६९६०६** | **३४००२१** | **२९५८५** |
| **प्रदेश सरकार अनुदान** | सशर्त | २८५४४ | २५४२२ | ३१२२ |
| | विषेश | ७४०० | ६७६४ | ६३६ |
| | समपुरक | १५००० | ८७५४ | ६२४६ |
| **प्रदेश सरकार अनुदान जम्मा रु.** | | **५०९४४** | **४०९४०** | **१०००४** |
| **कुल जम्मा जम्मा अनुदान प्राप्त रु.** | | **४२०५५०** | **३८०९६१** | **३९५८९** |

३.७ चौमासिक पूँजीगत खर्च : कार्यालयले खर्च गर्दा सन्तुलित गरी गर्नुपर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| विवरण | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाड महिनामा खर्च |
|---|---|---|---|---|
| कुल खर्च रु हजारमा | ८५१४ | ४४६६७ | १३३६८५ | ६७१८४ |
| कुल खर्च प्रतिशत | ४.५५ | २३.९० | ७१.५४ | ३५.९५ |

## ४ पेश्की बाँकीको विवरण

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा पेश्की रकम कानून बमोजिम तोकिएको म्याद भित्र फछ्यौट गर्नुपर्ने उल्लेख गरेको छ । गाउँपालिकाको विवरण अनुसार म्याद ननाघेको मोविलाईजेशन पेश्की रु २०७८१२८ र म्याद नाघेको विभिन्न प्रकारको पेश्की रु ९७९४४५२ फछ्यौट गर्न वाँकी रहेको छ । गाँउपालिकाको म्याद नाघेको फछ्यौट हुन वाँकी पेश्की रु.

| गो भौ नं | कर्मचारी पदाधिकारी पाटी तथा संस्थाको नामक | कार्यक्रम | पेश्की रु |
|---|---|---|---|
| **म्याद नाघेको पेश्की** | | | |
| **कर्मचारी पेश्की** | | | |
| ८३१।०८०।३।६ | सहायक तारा खड्का | व्यवसायीक कुखुरा पालन तालिम | ४२५०० |
| ३२६।०८०।३।२० | कार्यालय सहायक तारा थापा | हाइमास्ट लाइटका लागि मिटर खरिद | २८०००० |
| **जम्मा रु** | | | **३२२५००** |
| **सस्थागत पेश्की** | | | |
| २९३।०७९।९।२९ | श्री नेपाल राष्ट्रिय आदर्श आधारभुत विद्यालय | गाउँपालिका स्तरिय अध्यक्ष कप खेलकुद प्रतियोगिता | ६००००० |
| ३०।०८०।१।२८ | जनता नमुना माध्यमिक विद्यालय सन्तकुटी खजुरा | प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | १५००००० |
| ६०।०८०।३।२२ | ज्ञानोदय माध्यमिक विद्यालय खजुरा | प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | ८११०६० |
| ६०।०८०।३।२२ | जनता नमुना माध्यमिक विद्यालय सन्तकुटी खजुरा | प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | १२००००० |
| ६०।०८०।३।२२ | जनता नमुना माध्यमिक विद्यालय सन्तकुटी खजुरा | प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | २३००००० |
| ६१।०८०।३।२२ | ने.रा.प्रा.वि. खजुरा २ गुराँशपुर | २ कोठे तथा ४ कोठे भवन) | ७,४४,४३४ |
| २९८।०८०।३।२४ | नेपाल राष्ट्रिय आधारभुत विद्यालय डि गाउँ बाके | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता | १,००,००० |
| ९६१।०८०।३।२४ | नेपाल राष्ट्रिय आधारभुत विद्यालय डि गाउँ बाके | मेयर कप खेलकुद प्रतियोगिता | १००००० |

| | | | |
|---|---|---|---|
| ९६१।०८०।३।२४ | नेपाल राष्ट्रिय आधारभुत विद्यालय डि गाउँ बाके | गाउँपालिका स्तरिय अध्यक्षकप खेलकुद प्रतियोगिता | ५,८८,५०० |
| **जम्मा रु** | | | **७९४३९९४** |
| **उपभोक्ता समिति तर्फ** | | | |
| २७।०७९।१२।२० | मानखोला रामघाट झुलुङ्गे पुल उपभोक्ता समिति खजुरा १ | पुरैना ६ मानखोला, महान नदी रामघाट झो.पु. खजुरा गाउँपालिका | १५२७९५८ |
| **जम्मा रु** | | | **१५२७९५८** |
| **कुल जम्मा रु** | | | **९७९४४५२** |
| **म्याद ननाघेको पेश्की** | | | |
| १३।०७९।८।१४ | प्रशान्त निर्माण सेवा | वडा नं ४ वडा कार्यालयको भवन निर्माण | १,९९,१२८ |
| ५४।०७९।९।१७ | वशिष्ठ निर्माण सेवा | खजुरा बजार भित्रको नाली निर्माण | १५००००० |
| ६९।०७९।१०।९ | प्रशान्त निर्माण सेवा | मनकामना चोकदेखि ठाकुरपुर जाने बाटो स्तरउन्नती वडा नं ८ | ३७९००० |
| | | **जम्मा रु** | **२०७८१२८** |

| | |
|---|---|
| पेश्की | ९७,९४,४५२ |

## ५ आन्तरिक आय

५.१ आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १,९०,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १,९५,८९,६०५.८१ अर्थात अनुमान भन्दा १०३.१ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

५.२ आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट प्राप्त (रु. हजारमा) | आन्तरिक आय (रु हजारमा) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४२०५५० | १९५८९ | ४.६५ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.६५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ६ स्वास्थ्य तर्फ

६.१ वर्थिङ सेन्टर : स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन ( सशर्त अनुदान मार्फत हस्तान्तरीत कार्यक्रम ), २०७९।८० को मातृ तथा नवशिशु कार्यक्रमको क्रियाकलापन नं ३ मा स्वास्थ्य चौकि तथा प्रा.स्वा केन्द्र मा उपलब्ध नर्सिङ जनशक्तिले २४ औ घण्टा प्रसुती सेवा दिन नसक्ने अवस्था भएकोमा वर्थिङ सेन्टरको

स्थापना गर्ने व्यवस्था गरेको छ । जहाँ वार्षिक ६० जना वा सो भन्दा कम प्रसुती भएको खण्डमा करारमा अनमी खटाउन पाइने छैन भन्ने व्यवस्था छ । पालिकाले कार्यविधिले तोकेको सङ्ख्या भन्दा कम प्रसुती भएको अवस्थामा पनि करीव २ किलोमिटरको फरकमा वर्थिङ सेन्टर स्थापना गरी अनमी लाई तलव भत्ता निकाशा दिएको छ। पालिकाले कार्यविधि वमोजिम वर्थिङ सेन्टरको स्थापना गर्नुपर्दछ ।

| क्र.सं. | वर्थिङ सेन्टर | प्रसुति सङ्ख्या |
| --- | --- | --- |
| १ | राधापुर वर्थिङ सेन्टर | ९ |
| २ | सितापुर वर्थिङ सेन्टर | ३२ |
| ३ | पि एच एल | ५५ |
| ४ | उदारापुर वर्थिङ सेन्टर | २०५ |
| ५ | सोनपुर वर्थिङ सेन्टर | १९३ |
| ६ | रनियापुर वर्थिङ सेन्टर | २०६ |

कार्यविधिले तोकेको भन्दा कम संङ्ख्यामा प्रसुती भएका वर्थिङ् सेन्टर राधापुर वर्थिङ सेन्टर, सितापुर वर्थिङ सेन्टर, पि एच एल लाई मर्जर गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

६.२ शीर्षक फरक पारी खर्च खर्च गरेको : गाउँपालिकाले गो भौ नं ३१।२०८०।३।२९ वाट मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती, रक्तसंचार, उत्प्रेरणा कार्यक्रम वाट स्थानीय तहका स्वास्थ्य सेवाका कर्मचारीको तलव भत्ता वापत रु १०४२२८५।३० भुक्तानी भएको रकम अनियमित खर्च गरेको रु

| | |
| --- | --- |
| अनियमित भएको | १०,४२,२८५ |

६.३ औषधि खरिद : गाँउपालिकाले नागरिकलाई निशुल्क रुपमा औषधि उपलब्ध गराउने उद्देश्यले औषधि खरिद गरेकोमा निम्न पाइयो ।

निशुल्क वितरणको छाप लगाउनुपर्ने : पालिकाले निशुल्क रुपमा वितरण गर्ने औषधि मा निशुल्क वितरणको छाप लगाउनुपर्दछ । पालिकावाट खरिद भएको औषधि कुनैमा i.s only मात्र उल्लेख गरेको र कुनै मा मुल्य समेत उल्लेख गरेको छ । यसरी i.s only मात्र लेख्दा सर्वसाधारणले निशुल्क रुपमा प्राप्त गर्ने भन्ने वारे वुझ्न नसक्ने तथा मूल्य समेत उल्लेख गरेको औषधको दुरुपयोग हुने देखिन्छ ।

## ७ तराई मधेश समृद्धि कार्यक्रम

७.१ वडा नं २ को सामुदायिक भवन : तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत वडा नं २ को सामुदायिक भवन निर्माण कार्य मिति २०७९।७।२४ मा निर्माण व्यवसायी देउला निर्माण सेवासँग रु ३६२१३३० को सम्झौता गरी कार्य गराएको छ । मिति २०८० जेठ मसान्तसम्म कार्य अवधि रहेको सो ठेक्काको कार्यसम्पन्न नहुँदै कार्यालयले रु १२४०८७२ को लागत अनुमान बनाई सोही भवनमा दीपक बिल्डर्स सँग काममा दोहोरोपना आउने गरी रु ८०४३६५ मा सम्झौता गरी रु ७९४२०५ भुक्तानी गरेको छ । वडा नं २ को आवश्यकताको आधारमा लागत अनुमान रु ४२३८२५६ बराबरको सामुदायिक भवन निर्माण भइरहेको अवस्थामा बजेट

बचत भएको अवस्थामा पुनः काममा दोहोरोपना हुनेगरी आवश्यकताको आधार नखुलाई मिति २०७९।१२।९ मा अर्को ठेक्का व्यवस्थापन गरी गाउँपालिकालाई बढी व्यभार परेको रु

| कार्यक्रम | मिति | भुक्तानी रकम रु | निर्माण व्यवसायी |
|---|---|---|---|
| तराई मधेश समृद्धि कार्यक्रम | ४८।२०८०।३।१० | ५९२६०७ | दिपक विल्डर्स |
| गाउँपालिका पूजीगत | २७७।०८०।३।१० | २०१५९८ | दिपक विल्डर्स |
| | जम्मा रु | ७९४२०५ | |

| | |
|---|---|
| अनियमित भएको | ७,९४,२०५ |

७.२ बढी खर्च रकम फिर्ता गर्नुपर्ने : मानखोला रामघाट झोलुङ्गे पुल निर्माण कार्यहरू ५५०११७६ मा सम्झौता गर्ने गरी मिति २०७९।१२।९ मा उपभोक्ता समितिसँग सम्झौता गरेको छ। पुलको निर्माणमा लागत साझेदारीको रुपमा सम्झौता बमोजिम गाउँपालिका स्रोत र उपभोक्ताको समेत अंश रहनुपर्नेमा तराई मधेस समृद्धि शीर्षकबाट मात्र खर्च रकम व्यहोरिएको छ। सम्झौता बमोजिम खर्च रकमको ७८ प्रतिशत मात्र रु २३९०५१८ मात्र यस कार्यक्रमबाट बेहोर्नुपर्नेमा रु ६६६०१९ बढी खर्च रकम व्यहोरिएकोले सो रकम फिर्ता गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६६,०१९ |

## ८ शीतभण्डार

शीत भण्डार निर्माण कार्य गर्न मिति २०७८।२।१४ मा निर्माण व्यवसाय रविना, अभियान जुगल जे.भी सँग रु ६ करोड १४ लाख ३२ हजारमा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको छ । मिति २०७८ पौस मसान्तसम्म ठेक्काको म्याद रहेको सो ठेक्कामा ८१.३ प्रतिशत कार्य भएको छ । यो वर्ष रु १ करोड १४ लाख ८३ हजार बजेट व्यवस्था रहेकोमा निर्माण कार्य नभएकोले विनियोजित बजेट खर्च भएको छैन । योजनाको कार्य नभएको अवस्थामा कन्टिन्जेन्सी तर्फ रु ३७१०८४ खर्च भएको छ । निर्माण कार्यको ८० प्रतिशत कार्य भै सक्दा सम्झौता बमोजिम पेस्की फछर्यौट भइसक्नुपर्नेमा रु २५००००० पेश्की बाँकी रहिरहेको छ ।

१. शीतभण्डारको निर्माण कार्यका लागि रु ६ करोड १४ लाख ३२ हजारको कार्य भइरहेको अवस्थामा गाउँपालिकाले सो निर्माण कार्य सम्पन्न गर्नेतर्फ ध्यान नदिई ठेक्का भित्र दोहोरो कार्य पर्ने गरी रु ५७४५२९५ मा सित भण्डारको निर्माणमा थप कार्य गर्ने भने निर्माण व्यवसायी शुभ शान्ति निर्माण सेवासँग मिति २०७८।११।५ मा सम्झौता गरी कार्य गराएको छ । सो थप कार्यको समेत कार्य सम्पन्न भएको छैन । सो थप कार्य मूल ठेक्कामा किन पर्न सकेन, के कुन नयाँ आइटम गर्नुपरेको हो सो सम्बन्धमा कुनै विषय उल्लेख नगरी, आवश्यकता पहिचान नगरी मूल ठेक्काको लागत अनुमानमा सो थप कार्य नपर्नुको कारण नखुलाई रु ५७४५२९५ मा ठेक्का व्यवस्थापन गरी रु २५२९६७३ भुक्तानी गरेको अनियमित खर्च रू

| | |
|---|---|
| अनियमित भएको | २५,२९,६७३ |

## ९ अनुगमन नभएको

जलश्रोत तथा सिंचाई कार्यक्रम : गाउँसभा द्धारा विनियोजित वजेट मा जलश्रोत तथा सिंचाई कार्यक्रममा एकमुष्ठ रु ८२११००० को वजेट व्यवस्था रहेको छ । कार्यपालिकाको मिति २०७९।८।१२ को निर्णयले विभिन्न ८ वटा कार्यक्रममा रकम वाँडफाँड गरी रु ५९४४००० खर्च भएको छ । साना सिंचाई कार्यक्रम कार्यान्वयन निर्देशिका वमोजिम कार्यक्रम गर्दा सो कार्यक्रमको कार्य योजना तयार गर्नुपर्ने, कुन चौमासिकमा के कति कार्य गर्ने उल्लेख हुनुपर्ने हुन्छ । कार्यक्रम छनौट गर्दा निर्देशिका वमोजिम दलित, मुक्त कमैया, सामाजिक रुपले पिछडिएका तथा विपन्न वर्गका महिला कृषक समूहहरुको सहभागिता रहेको समूहलाई प्राथमिकता दिनुपर्ने छ । गाउँपालिकाले यो वर्षको सवै रकम आर्थिक वर्षको अन्तमा खर्च गरेको छ । कार्य योजना वमोजिम सूचना प्रकाशन गर्नुपर्ने, प्राप्त निवेदनको आधारमा निर्देशिका वमोजिम कृषक समूहको छनौट गर्नुपर्ने, कार्यविधि वमोजिम कृषक छनौट गर्नुपर्नेमा १२८३ प्राप्त निवेदन मध्ये विभिन्न सिंचाई उपकरणका लागि ४२५ कृषक छनौट गर्दा कार्यालयले नगरी वडा कार्यालयले छनौट गरेको छ । कार्यविधि वमोजिम कृषक छनौट गरिएको छ भन्ने विश्वस्त हुने आधार छैन । आर्थिक वर्षको प्रारम्भ देखिनै स्वीकृत कार्यक्रम र वजेटको सीमा भित्र रही कार्य योजना स्वीकृत गरी तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्दछ । कार्यविधि वमोजिम भएको छ छैन सो सम्वन्धमा अनुगमन समेत गर्नुपर्दछ ।

१० **औधोगिक ग्राम**

नेपाल सरकारले घोषणा गरेको स्थानमा औद्योगिक ग्राम स्थापना गर्ने गराउने उद्देश्यले आर्थिक वर्ष २०७६।०७७ मा यस गाउँपालिका, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले रु ९२००००० रकम उपलब्ध गराएको छ । मिति २०७६ पौस २७ गते मन्त्रालयका प्रतिनिधि र गाउँपालिका बीच सहमति पत्रमा हस्ताक्षर भएको छ । समझदारी पत्रमा आब २०७६।७७ मा बजेटको व्यवस्था भएको हुँदा उक्त कार्यालय प्राथमिकता तथा शीघ्रताका साथ पूरा गर्ने समझदारी पत्रमा उल्लेख छ । सो औधोगिक ग्रामको लागि आ. व २०७७।०७८ वा पुनः रु ९२००००० प्राप्त कार्यालयको भनाई रहेको छ । आर्थिक वर्ष २०७६।०७७ मा उपभोक्ता समितिवाट रु ९२००००० को कार्य भएको, आ.व ०७७।०७८ मा प्राप्त रकम मध्ये रु ५१२०७०३ ठेक्का वाट निर्माण कार्य भई सो औधोगिक ग्राममा रु १ करोड ४३ लाख २१ हजार खर्च भएको लेखा शाखाको विवरण वाट खुल्छ । सो औधोगिक ग्रामको निर्माण कार्यको फाईल लेखापरीक्षणको लागि प्राप्त भएको छैन । यो वर्ष गाँउ पालिकाले रु ३१५२००० वजेट विनियोजन गरेकोमा कुनै खर्च भएको छैन । अधुरो ठेक्काको रुपमा रहेको औधोगिक ग्रामको संघीय मन्त्रालय संग भएको समझदारी पत्र वमोजिम स्थानीय अर्थतन्त्रमा योगदान पुर्याउन छरिएर रहेका साना उधोगहरुलाई एकिकृत गरी व्यस्थित गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धी गर्न औधोगिक ग्रामको निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याउन, भएको लगानीको संरक्षण गर्न गाँउपालिकाले कार्य गर्नुपर्दछ ।

११ **अधुरा आयोजना**

माथि उल्लेख गरिएका गाउँपालिकाको पहिचानको रुपमा रहेका योजनाहरु आ. व २०७९।०८० मा उल्लेखनिय प्रगति भएको छैन । ठुला योजनाको अनुगमन गरी छिटो कार्य सम्पन्न गर्ने तर्फ ध्यान नदिई स-साना योजनाको कार्यान्वयन तर्फ गाउँपालिकाको समग्र ध्यान गएको देखियो । ठूला योजना समयमा नै सम्पन्न गरी गाउँपालिकाको पहिचान कायम गर्नुपर्दछ ।

१२ **प्रशासकिय भवन र सभा हल**

अधुरो निर्माण कार्य : गाउँपालिकाले निर्माण प्रारम्भ भई सम्पन्न नभएका योजनाहरूमा रु. ८ करोडको बजेटको व्यवस्था गरेको छ। अल्या गरिएका २२ योजनाहरूमा गाउँपालिकाको पहिचानको रुपमा रहेको गाउँपालिकाको प्रशासकीय भवन, वहुउद्देश्यिय सभा हल, १५ शैयाको अस्पताल भवन, सित भण्डार तथा औद्योगिक ग्राम जस्ता ठूला योजनाहरू रहेका छन् । सो सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।

१. प्रशासकिय भवन : प्रशासकीय भवनका लागि यस आ.व मा रु १३४३६००० बजेटको व्यवस्था गरिएको छ । मिति २०७८।२।१४ मा रु ५ करोड ३६ लाख ४ हजारमा निर्माण सम्पन्न गर्ने गरी निर्माण व्यवसाय एम.के. ⁄ जुगलसँग सम्झौता भएको छ । आर्थिक वर्ष २०७८।७९ सम्म ४६.८२% प्रगति भएको सो भवनमा यो वर्ष कुनै कार्य भएको छैन । ठेक्काको म्याद समाप्त भएको सो भवन निर्माण कार्यमा आ.व २०७८।07९ सम्म रु २ करोड ५० लाख ९६ हजार खर्च भई हाल अधुरा निर्माण कार्यको रुपमा रहेको छ ।

२. बहुउद्देश्यिय सभा हल : बहुउद्देश्य सभा हल भवन निर्माण गर्ने मिति २०७६।२।२१ मा निर्माण व्यवसाय अमर कन्स्ट्रक्सन प्रा.ली सँग रकम रु ५ करोड ४५ लाख ७४ हजारमा निर्माण कार्य सम्पन्न गर्ने सम्झौता भएको छ । मिति २०८०। ३।२० सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्ने सो ठेक्काको कार्य प्रगति ५५ प्रतिशत रहेको छ । आ.व २०७८।07९ सम्म रु ३ करोड १ लाख १६ हजार भुक्तानी भएको सो सभाहल अधुरो निर्माण कार्यको रूपमा रहेको छ । यो वर्ष रु. २ करोड ४७ लाख ५८ हजार बजेट व्यवस्था रहेकोमा कुनै पनि कार्य नहुँदा रकम खर्च भएको छैन ।

१३ **निर्माणाधिन १५ शय्याको अस्पताल**

एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत १५ शैयाको अस्पताल भवन निर्माण मिति २०७८।१।८ मा गौरा- सिस्ने⁄ अमन जे. भी संग रु ११ करोड ८२ लाख २२ हजारमा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको छ । मिति २०७९।७।१५ सम्म म्याद रहेको ठेक्काको २०८०।३।२० सम्म म्याद थप गरेको छ। ठेक्काको छैटौं रनिङ्ग विल सम्म रु ५ करोड ३ लाख ११ हजार भुक्तानी भई ४२.५५ प्रतिशत प्रगति भएको छ । निर्माण सम्पन्न अवधि सकिएको अवस्थामा म्याद थप गर्दा पेश्की जमानतको म्याद थप गरेको देखिएन । थप म्यादको समेत अवधि समाप्त भै सकेको अवस्था सम्म भवन निर्माण कार्य मा उल्लेखनिय प्रगति भएको छैन । यस आ.व को २०७९ कार्तिक पछि निर्माण कार्य हुन सकेको छैन । गाउँपालिकाले निर्माण व्यवसायी संग नयाँ कार्यतालिका प्राप्त गरी छिटो कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सोही अस्पताल भवनको पाँचौ रनिङ्ग वील सम्मको भुक्तानीमा Item No. 5 मा Fully furnished Project Temporary Site office room for 5 person उल्लेख गरी BOQ मा रु १०००००० कबोल गरेको रकम भुक्तानी भएको अवस्थामा फिल्ड निरीक्षण गर्दा निर्माण व्यवसायीले सो साइट अफिस स्थापना गरेको तथा सो अफिसको लागि कुनै सामान खरिद गरेको छैन । कार्यालय स्थापना तथा कुनै सामान खरिद भै उपयोग भएको नदेखिदा निर्माण व्यवसायीलाई भुक्तानी भएको रु १०००००० फिर्ता गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००,००० |

१४ **पजवाताल वाउन्डरी वाल निर्माण**

३६४।०८०।३।२४ गाउँपालिकाले पजवाताल वाउन्डरी वाल निर्माण कार्यको लागि मिति २०८०।२।१८ मा निर्माण उपभोक्ता समिति संग सम्झौता गरी कार्य गरेको छ । गाउँपालिकाको स्वीकृत वजेट भित्र सो कार्यक्रम नरहेको र पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत विनियोजन गरेको रु ३८६४००० रकम वाट

कार्यपालिकाको मिति २०८०।२।३ को २१ औं वैठकको निर्णयले वडा नं ६ पजवाताल पूर्वाधार मर्मत भनि नयाँ योजना थप गरी रु ३३६४००० को वजेट व्यवस्था गरी रु ३१९९५१० खर्च गरेको छ । वजेटमा व्यवस्था नभएको योजना के कति कारण वाट नयाँ योजना निर्माण गर्नुपरेको सो व्यहोरा निर्णयमा उल्लेख गरिएको छैन । पजवा ताल वाउन्डरी वाल निर्माणमा प्रयोग गरिएका निर्माण सामग्रीको गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेको छैन । कार्यपालिकाको निर्णयवाट आ.व को अन्तमा योजना थप गरी निर्माण कार्य गरेको तथा गुणस्तर परीक्षण को प्रतिवेदन नभएको कारण आवश्यकताको आधार नदेखिएको तथा गुणस्तरिय कार्य भएको छ भन्ने विषयमा विश्वास्त हुने आधार नदेखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,९९,५१० |

१५ **वडा नं. ४ को कार्यालय भवन**

वडा नं ४ को कार्यालय भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी प्रशान्त निर्माण सेवा संग मिति २०७९।७।२२ मा रु ३३८०१४९ मा निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ ।मिति २०८० जेठ मसान्त सम्म ठेक्काको म्याद रहेकोमा यो वर्ष रु १६२११३३ (पेश्की समेत ) भुक्तानी भएको छ। जेठ मसान्त सम्म कार्य सम्पन्न गर्नुपर्ने सो ठेक्काको म्याद थप समेत भएको छैन ।

- सोहि भवन निर्माण कार्य सम्पन्न नभएको अवस्थामा गाउँपालिकाले सोही भवनमा थप कार्य भनि रु ९९९३२३ को लागत अनुमान वनाई हार्दिका निर्माण सेवा संग रु ७०२७२१ ( भ्याट समेत ) मा कार्य सम्पन्न गर्ने गरी सम्झौता गरी कार्य गराई रु ६९७७४३ भुक्तानी गरेको छ । मूल ठेक्काको कार्य नसकिएको अवस्था, सोही भवनमा के कुन कार्य थप गर्नुपरेको केही नखुलाई कोटेशन वाट कार्य गराई भुक्तानी गरेको अनियमित कार्य रु.

| | |
|---|---|
| अनियमित भएको | ६,९७,७४३ |

१६ **वाटो मर्मत**

सिम्लेको चोक देखि वसन्तापुर सम्मको वाटो मर्मत : ३७७।०८०।३।२४ गाउँसभाले वजेट विनियोजन गर्दा मर्मत सम्भार कोषमा रु ५० लाखको वजेट व्यवस्था गरेको छ । मर्मत संभार कोष वाट कार्य गराउदा कहाँ कुन सडक मर्मत गर्नुपर्ने हो सो को प्राविधिक प्रतिवेदन लिई मर्मत कार्य गर्न सकिने भनि गाउँसभाले निर्णय गरेको छ ।कार्यपालिकाको मिति २०८०।२।३ को वैठकवाट मर्मत सम्भार कोषको रकम रकमान्तर गरी सिम्लेको चोक देखि वसन्तपूर सम्म वाटो मर्मतको लागि रु २०००००० को वजेट वाडँफाडँ गरेको छ । नयाँ योजना संचालन गर्न सकिने वजेट रहेकोमा एउटै वाटो मर्मत कार्यमा रु २१९११९६ को लागत अनुमान वनाई उपभोक्ता समिति मार्फत कार्य गरी रु १९३८००० भुक्तानी भएको छ । गाउँसभाको वजेटमा व्यवस्था नभएको, कहाँ कुन सडक मर्मत गर्नुपर्ने हो, सोको लागत सहितको प्रतिवेदन लिएको छैन । नयाँ योजना संचालन गर्न सकिने रकमवाट आ.व को अन्तमा सम्झौता गरी कार्य गराई खर्च गरेको तथा निर्माण सामग्री को गुणस्तर परीक्षण प्रतिवेदन समेत नभएको अनियमित खर्च रु

| | |
|---|---|
| अनियमित भएको | १९,३८,००० |

१७ **DPR कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) मा सार्वजनिक निकायले परामर्श सेवा तथा अनुसन्धानको कार्य गराउदा कार्यालयले अधावधिक गरेको मौजुदा सूचिवाट नियमावलीले गरेको व्यवस्था वमोजिम परामर्शदाताको छनौट गर्नुपर्ने व्यवस्था गरेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ (क) मा खरिद कार्यको आवश्यकता पहिचान गर्नुपर्ने, नियम ५ मा खरिद माग अधिकार प्राप्त अधिकारी वाट प्राप्त गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले यो वर्ष देहाय वमोजिमको पूजिँगत परामर्श तथा अनुसन्धान कार्य अन्तर्गत रु २०,०५,५५२ (DPR) मा खर्च गरेको छ । सो कार्य परामर्शदाता वाट गराउनु अगावै स्वीकृत वजेट भित्र रहेको छैन । आवश्यकताको पहिचान गरी वजेटमा व्यवस्था गरी सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम गर्नुपर्नेमा सो वमोजिम नभएको अनियमित कार्य रु

| भौ नं | कार्य | पाटी | रकम रु |
|---|---|---|---|
| ३८४।०८०।३।२४ | गा.पा आवधिक योजना | एम.पि एस म्यानेजमेन्ट एण्ड एण्ड रिसर्च कन्सल्टिङ प्रा. ली | १२०५७१० |
| ३७६।०८०।३।२४ | खजुरा शहिद स्मृती पार्क | पि.एन.डि कन्स्ट्रक्सन एण्ड इन्टेरियर्स प्रा. लि | ७९९८४२ |
| | | जम्मा रु | २०,०५,५५२ |

| | |
|---|---|
| अनियमित भएको | २०,०५,५५२ |

१८ **प्रदेश सरकारबाट हस्तान्तरण कार्यक्रम (पुँजीगत)**

बढी व्यवहार परेको : वडा नं ३ ईश्वर श्रेष्ठको घर हुँदै लिफ्ट सिँचाई किरण नाला सडक स्तरोन्नति गर्ने कार्यको लागत अनुमान रु ७९९९७९१ को तयार गरी निर्माण व्यवसायी सविना कन्स्ट्रक्सनसँग मिति २०७९।७।२२ मा रु ५०७४७१४ मा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको छ । सडकको आवश्यकताको आधारमा लागत अनुमान तयार गरी सो बाटोमा रु ५०४८२०१ खर्च भएको सो ठेक्काको अवधि २०८० जेठ मसान्तसम्म रहेको छ । निर्माण कार्यको म्याद समाप्त नहुँदै रकम बचत भएको आधारमा गाउँपालिकाले सोही बाटोमा सोही कार्य गर्न सिलबन्दी दरबारपत्रको आधारबाट कार्य गर्ने गरी रु १४९९८०३ को लागत अनुमान बनाई मिति २०८०।१।२० मा सूचना प्रकाशन गरी सोही निर्माण व्यवसायीले नै ठेक्का पारेको अवस्थामा रु ८८३४५७ मा निर्माण कार्य सम्पन्न हुने गरी मिति २०८०।२।३१ मा सम्झौता गरेको छ । मूल ठेक्काबाट काम भइरहेको अवस्थामा आवश्यकताको आधार प्रष्ट नपारी एउटै बाटोमा एउटै कार्यमा दोहोरो हुने गरी निर्माण कार्य गरी गाँउपालिकाको श्रोतवाट समेत रु १३६९९५३ खर्च गरेको छ । प्रदेश सरकारको रकम बचत भएको अवस्था र गाउँपालिकातर्फ स्वीकृत कार्यक्रम नभएको अवस्थामा दोहोरो हुनेगरी रु १३६९९५३ खर्च गरेकोमा गाउँपालिकालाई बढी व्यवहार परेको रु

| | |
|---|---|
| अनियमित भएको | १३,६९,९५३ |

१९ **सोझै खरिद**

घर भाडा : गाउँपालिकाले घर धनी श्री मन्जु मल्ल, श्री मिन व. कार्की, सावित्री रानाभाट र सितादेवी हमाल गरी ४ वटा घर मासिक भाडा क्रमश्व रु रु २५५००, रु ११०००, रु १५००० र रु १२१०० भुक्तानी गर्ने गरी भाडामा लिएको छ । कार्यालय प्रयोजनको लागि घर भाडामा लिनुपर्दा सूचना प्रकाशन गरी जिल्ला रेर्न्टकमिटीको निर्णयको आधारमा लिनुपर्दछ । भाडामा लिएको ४ वटा घर मध्ये वडा नं ४ को लागि सिता देवी हमालको घर २०७९।४।१ देखि २०८० असार मसान्त सम्म लिएको देखिन्छ । यो वर्ष घर भाडा स्वरुप रु ७७७०४९ भुक्तानी गरेको छ । कार्यालयको प्रयोजनको लागि नखुलेको तथा सूचना प्रकाशन

गरी जिल्ला रेन्टकमिटिको निर्णयको आधारमा भाडामा नलिई सोझै भाडामा लिई भुक्तानी गरेको नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ७,७७,०४९ |

२० **कार्यालय सामग्री सोझौ खरिद गरेको**

मसलन्द तथा कार्यालय सामग्री खरिद : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ मा रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले एउटै तथा विभिन्न सप्लायर्स वाट मसलन्द तथा कार्यालय सामग्री टुक्रा पारेर खरिद गरेको पाईयो । गाउँपालिकाले विभिन्न मितिमा मसलन्द तथा कार्यालय सामग्री सोझौ खरिद रु ४२,०२,००० गरेको नियम संगत देखिएन ।

२१ **पदाधिकारी सेवा सुविधा**

पदाधिकारी तथा अन्य सुविधा :

१. लुम्बिनि प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७६ को ३,४,५,६,७,८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विधुत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष पदाधिकारी सुविधामा रु 83,53,000 खर्च गरेको छ । जुन आन्तरिक आयको ४१.९९ हुन्छ ।

२. स्वकिय सचिव र सल्लाहकार नियुक्ती गरेको: स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले तोकिएको वाहेक सुविधा लिन नपाउने व्यवस्था गरेको छ । स्थानीय तहले स्वकीय सचिव/ प्रेस सल्लाहकार तथा कानूनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । गाउँपालिकाले यस वर्ष स्वकीय सचिव राखी रु ५२९००० खर्च गरेको नियम संगत नदेखिएको रु

| क्र.सं. | पद | नाम | भुक्तानी रु |
|---|---|---|---|
| १ | अध्यक्ष स्वकिय सचिव | प्रदिप वहादुर वि क | ३५०८१८ |
| २ | उपाध्यक्ष स्वकिय सचिव | नगिना वली | १७८२०० |
| | | **जम्मा** | **५२९०००** |

| | |
|---|---|
| अनियमित भएको | ५,२९,००० |

२२ **संगठन तथा कर्मचारी व्यवस्थापन**

२२.१ तलवी प्रतिवेदन : निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) मा निजामती कर्मचारीले तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्चलेखुपर्ने व्यवस्था गरेको छ । तर पालिका वाट तलवी प्रतिवेदन पारित नगरी रु. ३,३७,३२,३१२ तलव भत्ता खर्च लेखेको छ । पालिकाले तलवी प्रतिवेदन परित गरेर मात्र तलव भत्ता खर्च लेखुपर्दछ ।

२२.२ कर्मचारी करार –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७७ जना कर्मचारीहरु करारमा राखि रु. ८४,२०,५१२ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ८ जना करार नियुक्ति गरी बर्षभरीमा रु. २७,७८,१७८ भुक्तानी गरेको अनियमित दिखएको रु.

| | |
|---|---|
| अनियमित भएको | २७,७८,१७८ |

२२.३ अवकास कोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानको आधारित उपदान वा निवृत्तिभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था गरेको छ ।गाउँपालिकाले अवकास कोष को लागि रु ३००००००  वजेट विनियोजन गरेको छ । कोष स्थापना गरी रकम जम्मा गरेको छैन । कानूनमा भएको व्यवस्था वमोजिम कर्मचारी अवकाश हुदा पर्न जाने दायित्व वहन गर्नको लागि अवकाश कोष स्थापना गरी कार्यान्वयन गर्नुपर्दछ ।

२३ **४८..........(मिति २०८०-१२-१९ मा सम्वन्धित विधालय को रु.८२८,५८२ सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)**

२४ **समानिकरण वाट तलव भत्ता भुक्तानी**

२४.१ समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका

एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ८०,८७,८९२ तलब भत्ता भुक्तानी गरेको अनियमित रु

| | |
|---|---|
| अनियमित भएको | ८०,८७,८२९ |

२४.२ शिक्षकलाई प्रोत्साहन : प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को नियम ५ मा सार्वजनिक निकायले कार्यालय समय वाहेक अतिरिक्त समय कर्मचारी लाई काममा लगाउदा अतिरिक्त समय काम गर्नुपर्ने अवस्थामा आधार र कारण सहितको विवरण खुलाई सम्बन्धित निकायवाट स्वीकृति लिई खर्च गर्न सकिने व्यवस्था गरेको छ । गाउँपालिकाले यो वर्ष प्राध्यानाध्यकपक लाई प्रोत्साहन स्वरुप रु.८,७२,७३३।- प्रोत्साहन खर्च गरेको छ । शिक्षक प्रोत्साहन खर्चमा निर्देशिका वमोजिम अतिरिक्त समय वस्नुपर्ने अवस्था, आधार र कारण खुल्ने विवरण नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,७२,७३३ |

२५ **राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम**

२५.१ **निकासा रकम फिर्ता गर्नुपर्ने** :

**৪<..........(मिति २०८०-१२-१९ को निर्णयानुसार ५,०५५,४९४ को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको )**

२५.२ **कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने** :

**৪<..........(मिति २०८०-१२-१९ को निर्णयानुसार ७,९३४,९३९ को सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको )**

२६ **बढी व्ययभार परेको**

वडा मेलमिलाप संयोजक : गाउँपालिकाले देहाय वमोजिम न्यायिक समिति अर्न्तगत वडा मेलमिलाप संयोजक को नियुक्ती गरी निजहरुको पारिश्रमिक स्वरुप रु ९२०००० खर्च गरेको छ । त्यसैगरी ती संयोजकको तालिम स्वरुप रु ५३४००० खर्च गरेको छ । कार्यालयको दरवन्दीमा वडा मेलमिलाप संयोजक रहेको छैन । पद नभएको अवस्थामा कर्मचारी नियुक्त गरी सो को पारिश्रमिक र तालिम वापतको खर्च रु १४५४००० गाउँपालिकालाई वढी व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | १४,५४,००० |

२७ **अभिमुखिकरण कार्यक्रम**

अभिमुखीकरण कार्यक्रम : ८०४।२०८०।२।२८ गाउँपालिकाले टोल विकास समितिका अध्यक्ष र सदश्यहरुलाई अभिमुखीकरण कार्यक्रम गर्नको लागि रु ६५०००० वजेट व्यवस्था गरी रु ४७५५०० खर्च गरेको छ । सो प्रशिक्षण कार्यक्रमको कार्ययोजना तयार गरी स्वयं गाउँपालिकाले संचालन गर्नुपर्नेमा स्थानीय सेवा प्रदायक संस्था सामाजिक जागरणको लागि ग्रामिण सहभागिता नेपाल ( समर्पण नेपाल ) नामक गैह्रसरकारी संस्थावाट कार्य गराएको छ । टोल विकास समितिको कार्य प्रत्यक्ष रुपमा गाउँपालिकाको

निगरानीमा हुने भएको कारण स्वयं गाउँपालिकाले कार्यक्रम संचालन गर्नुपर्नेमा गैह्र सरकारी संस्था मार्फत गर्नुको आधार नदेखिएको रु

| | | |
|---|---|---|
| | अनियमित भएको | ४,७५,५०० |

२८ **कर्मचारी वैठक भत्ता**

प्रदेश सरकारद्धारा प्रकाशित सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका 2079 को वुदा नं ४ मा सार्वजनिक निकायले कार्यालयको आर्थिक दायित्व पर्ने गरी वैठकभत्ता प्रदान गर्दा एउटै निकाय र अन्तरर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई वस्ने वैठकमा भत्ता प्रदान गर्न पाइने छैन भन्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यो वर्ष रु. ६,५७,१०० वैठक भत्ता स्वरुप खर्च गरेकोमा कार्यालयका कर्मचारीहरु मात्र रहेको खरिद इकाई तथा वोलपत्र मूल्यांकन समितिको वैठकको भत्ता मा मात्र खर्च लेखेको छ । निर्देशिकाले गरेको व्यवस्था विपरित कार्यालयका कर्मचारी मात्र वसी प्रदान गरिएको वैठक भत्तालाई नियमित खर्च मान्न नसकिएको रु.

| | | |
|---|---|---|
| | अनियमित भएको | ६,५७,१०० |

२९ **आर्थिक विवरण तथा आन्तरिक नियन्त्रण**

२९.१ आन्तरिक नियन्त्रण प्रणाली : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको,
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको,
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको,
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको,
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको,
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको,

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२९.२ बैङ्क हिसाब मिलान नगरेको –स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंकहिसाब मिलान विवरण तयार नगरेको कारण रु ३७४६०५३ फरक पर्न गएको छ । आ व को अन्तमा हिसाब मिलान विवरण तयार गर्नु पर्दछ । फरक रकमको सम्बन्धमा २०८० श्रावणमा वैंक जम्मा भएको भन्ने पालिकाको भनाइ रहेको छ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष | १३१८९८६५५.१० | १३००२५६२८.२० | १८७३०२६.९ |
| २ | चालु खाता | ० | २८५४२०.४० | २८५४२०.४० |
| ३ | पूँजिगत खाता | ० | १३९१४२० | १३९१४२० |
| ४ | विविध कोष खाता | ३०१०६० | ३०१०६० | - |
| ५ | विविध खर्च खाता | ० | १९६१८६.५० | १९६१८६.५० |
| ६ | प्रकोप व्यवस्थापन कोष | ७९७४८००.७३ | ७९७४८००.७३ | - |
| | | | **जम्मा फरक रु.** | **३७,४६,०५३.८** |

२९.३ स्थानीय संचित कोषमा रकम ट्रान्सफर गर्नुपर्ने : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी वाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा गाँउपालिकाले आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु २,८५,४२०.४०।-, पुजीगत खर्च खातामा रु. १३,९१,४२०।- र विविध कोष खातामा रु. ३,०१,०६० समेत गरी रु. १९,७७,९००.४ मौज्दात राखेको पाईयो । उक्त रकम स्थानीय संचित कोषमा ट्रान्सफर गर्नुपर्दछ ।

## ३० आन्तरिक लेखापरीक्षण

आन्तरिक लेखापरीक्षण प्रतिवेदन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गर्नुपर्ने छ, आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्नेछ भन्ने व्यवस्था छ । गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले मिति २080/८/२४ गते कार्यपालिका प्रमुखलाई प्रतिवेदन पेश गरेको छ । अन्तिम लेखा परीक्षण हुनु अगाबै आन्तरिक लेखापरीक्षणबाट

औल्याइएका कैफियतहरू सम्परीक्षण भएका छैनन् । आन्तरिक लेखापरीक्षणबाट देहायवमोजिमका वर्गीकरणमा गाँउपालिकाको बेरुजु रु.२५९०९८१ औल्याइएको छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याईएको वेरुजू नियमानुसार फछ्यौट गर्नुपर्ने रु

| **भौ नं** | **व्यहोरा** | **रकम** |
|---|---|---|
| **असुल गर्नुपर्ने** | | |
| ४११।५३६ | हाजीरी नभएको अवस्थामा करार कर्मचारीको तलव भत्ता भुक्तानी | ६५८०४ |
| ३०।०७९।६।९ | वैठक भत्ता भुक्तानी | ५०० |
| २१५ | वढी यातायात खर्च भुक्तानी | ४००० |
| १३।०८०।३।२२ | पारीश्रमिक कर दाखिला गर्नुपर्ने | ११८५६ |
| ५३३ | वढी तलव भत्ता भुक्तानी | ५५४३५ |
| ४१।०७९।९।८ | मु अ कर असुल हुनुपर्ने | १८५३० |
| | **जम्मा रु** | १५५५२५ |
| **नियमित गर्नुपर्ने** | | |
| ९१।०७९।६।१३ | भैपरी खर्च प्रयोजन नखुलेको | ४६८२० |
| ११२।०७९।६।२८ | आर्थिक सहायता नियम विपरित | २०००० |
| १८३।०७९।८।१२ | नियम विपरित मन्दीर निर्माण | ३९९६० |
| ७९३।०८०।२।५ | भ्याट विल पेश नभएको | १९००० |
| ८९४।०८०।३।२० | भैपरी खर्च एकिन नभएको | २६८१७६ |
| १५।०७९।६।२ | लागत अनुमान वेगर भुक्तानी | ८९८०९७ |
| २५९।०८०।२।३१ | कार्यपालिकाको निर्णय वेगर विधुत महसुल भुक्तानी | ६४६५१५ |
| २६२।०८०।३।२२ | नियम विपरित भुक्तानी | २३०००० |
| २७१।०८०।३।२२ | टिप्पणी स्विकृत वेगर भुक्तानी | १८४५२६ |
| | **जम्मा रु** | २३५३०९१ |
| **प्रमाण कागजात पेश नभएको** | | |
| ७६६ | भ्याट विल पेश नभएको | ६६१५ |
| ७९४।०८०।२।२६ | भत्ता वुझेको प्रमाण पेश हुनुपर्ने | ५०० |
| ८६१।०८०।३।१५ | भर्पाई पेश हुनुपर्ने | ४५० |
| ३८६।०८०।३।२४ | भत्ता वितरणको प्रमाण पेश गर्नुपर्ने | ७४८०० |
| | **जम्मा रु** | ८२३६५ |
| | **कुल जम्मा रु** | २५९०९८१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,९०,९८१ |

## ३१ विविध खर्च

३१.१ खाना तथा विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस आर्थिक वर्षमा रु.१,९५,८९,६०५।- आन्तरिक आय भएकोमा खाना तथा विविध खर्चमा मात्र रु २९,६१,९८९ खर्च भएको छ जुन आन्तरिक आयको १५.१२ प्रतिशत हुन आउदछ । अत पालिकाले विविध खर्च गर्दा आन्तरिक आयको परिधिमा रहेर मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्दछ ।

३१.२ वडा कार्यालयको विविध खर्च : वडा कार्यालयहरुको विविध खर्चमा वडा नं ५ ले वाईफाई जडान कार्यको लागि रु ४२०२७४ खर्च गरेको छ । डिस मिडिया नेटवर्क लि. मार्फत जडान गरेकोमा अन्य वडाहरुमा सोही पाटिले नेट जडान गर्दा मूल्य फरक फरकमा गर्ने गरेको पाईयो । सोही पार्टीले वडा नं ४ मा रु ३१००००, वडा नं १ मा रु ८९००० वडा नं ७ मा रु १११००० र वडा नं ८ मा रु १२०००० मा जडान गरेको छ । वडा नं २, ३ र ६ मा वाइफाइ जडान खर्च खुल्न सकेको छैन । वडाहरुको वाइफाइ जडान कार्यमा रु १०५०००० खर्च भएको देखिन्छ । गाउँपालिकाले आवश्यकताको आधारमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ वमोजिम प्रतिस्पर्धाको माध्यमवाट कार्य नगराउदा सो कार्यमा वढी खर्च हुन गएको छ ।

## ३२ अन्य निकाय मार्फत कार्य

३२.१ अन्य कार्यालय खर्च : स्थानीय सरकार संचालन ऐन २०७४ मा नाफामुलक संस्था तथा अन्य निकायलाई पालिकाले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था छैन । नेपाल सरकारको सरकारी कार्यालयमा नियमित प्रशासनिक खर्च सम्वन्धित निकाय वाट नै निकाशा हुन्छ । सम्वन्धित निकाय सँग समन्वय नगरी खर्च सरकारी कार्यालयको भुक्तानी दिदाँ खर्चमा दोहोरो भुक्तानी हुने सम्भावना रहन्छ । पालिकाले वार्षिक कार्यक्रममा समेत उल्लेख नभएको कार्यक्रमको विल राखि अन्य संस्थालाई रु १८८१४६६ खर्च भुक्तानी दिएको नियमसंगत नदेखिएको रु.

| गो.भौ.नं | कार्यालय | प्रयोजन | भुक्तानी रु |
|---|---|---|---|
| ९३/२०७९/६/२७ | मंगोलियन जुडो डोजो | आर्थिक सहायता | ५०,००० |
| १८४/२०७९/८/५ | राष्ट्रिय अनुसन्धा जिल्ला कार्यालय | सावरी मर्मत | ७९,९९२ |
| २०३/२०७९/८/२० | गाँउपालिका राष्ट्रिय महासंघ | आर्थिक सहायता | ५०,००० |
| ३०६/२०७९/११/२७ | भुमिसुधार तथा मालपोत कार्यालय | कार्यालय सामग्री खरिद | २,००,००० |
| ३२०/२०७९/१०/१ | हजरत जमुलिद्दिन शैयद शाह रहमतुल्दा अल्यह | आर्थिक सहायता | २,००,००० |
| ३५५/२०७९/१०/११ | निल सागर विद्याश्रम | आर्थिक सहायता | २,००,००० |
| ४३९/२०७९/११/५ | भेरी साहियित्य समाज केन्द्रिय समिति | आर्थिक सहायता | ४९,००० |
| ४५५/२०७९/११/११ | मंगोलियन जुडो डोजो | आर्थिक सहायता | २,००,००० |
| ४५७/२०७९/११/११ | जयकिशान स्पोर्टस क्लव | आर्थिक सहायता | १,००,००० |
| ४५१/२०७९/११/१५ | शिव मन्दिर व्यवस्थापन समिति | आर्थिक सहायता | १,००,००० |
| ४८९/२०७९/११/१६ | नेपाल मगर संघ | आर्थिक सहायता | १,००,००० |
| ४९१/२०७९/११/१६ | जिल्ला प्रशासन कार्यालय | कार्यालय सामग्री खरिद | १५०,००० |
| ५७३/२०७९/१२/१० | हजरत जिन्नाथ शाह वावा संरक्षण समिति | आर्थिक सहायता | ७०,००० |
| ६३५/२०७९/१२/३० | एक्टिभ युथ क्लव | आर्थिक सहायता | १२०,००० |
| ८३२/२०८०/३/६ | मनकामना युवा क्लव | आर्थिक सहायता | ३५,००० |
| ८३३/२०८०/३/६ | वर्गद वावा संरक्षण समिति | आर्थिक सहायता | ५०,००० |

| | | | |
|---|---|---|---|
| ८३४/२०८०/३/७ | सैनिक वहादुर वाल क्लव | आर्थिक सहायता | २५,००० |
| ८५०/२०८०/३/१२ | नेपाल दलित मुक्ती मोर्चा | आर्थिक सहायता | ६,०९५ |
| | सुरक्षित जिवन पुनस्थापना केन्द्र | सि सि क्यामेरा खरिद | ७६,३८९ |
| ८५७/३/१४ | अस्थाइ ट्राफिक प्रहरी पोष्ट | कार्यालय सामग्री | १९,९९० |
| | | **जम्मा रु.** | **१८८१४६६** |

| | |
|---|---|
| अनियमित भएको | १८,८१,४६६ |

३२.२ अन्य संस्था मार्फत कार्य : सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिशपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा गाउँपालिकाले अन्य निकाय मार्फत कार्य गरेको खर्च भुक्तानी दिएको छ । गाउँपालिकामा जनशक्ती हुदाँ हुदै अन्य निकाय मार्फत कार्य गराएको नियम संगत देखिएन ।

| क्र.सं. | गो भौ नं | सस्था | कार्य/कार्यक्रम | भुक्तानी रु |
|---|---|---|---|---|
| १ | २५६/२०७९/९/१९ | अपाङ्ग महासंघ | अपाङ्ग ससक्तिकरण कार्यक्रम | ४९,८५३ |
| २ | ५९१/२०७९/१२/१६ | वास नेपाल | सकारात्मक सोच सुशासन कार्यक्रम | १,००,००० |
| ३ | ५९२/२०७९/१२/१६ | वास नेपाल | सामाजिक स्वास्थ्य सस्थाको सामाजिक परिक्षण | १,९८,००० |
| ४ | ६८१/२०७९/११/१२ | इलुमिनेट नेपाल मिडिया सेन्टर | आधारभुत पत्रकारिता तालिम | २,३१,२४१ |
| ५ | ८०३/२०८०/२/२८ | सुरक्षित जिवन पुनः स्थापना केन्द्र प्रा. ली | घरेलु हिंशा तथा लागु औषत कार्यक्रम | १,२३,००० |
| ७ | ८२०/२०८०/३/३ | जनजागरण समाज | धान खेति तालिम र उन्ननत विउ सहयोग | १,४९,००० |
| ८ | ८४९/२०८०/३/१२ | सुरक्षित जिवन पुनः स्थापना केन्द्र | लागु पदार्थ दुर्वयसनी रोकथाम | ३७,१०० |
| ९ | ८५२/२०८०/३/१३ | भिजन नेपाल | कुसन वुनाई तालिम | ४२,५०० |
| १० | ८५२/२०८०/३/१३ | भिजन नेपाल | सुत्केरी महिलाको पोषण सामग्री वितरण | १,५०,००० |
| ११ | ८६१/२०८०/३/१५ | त्रिनेत्र संवृद्ध नेपाल | वालमैत्री समिति वैठक | ९९,४०० |
| १२ | ८७०/२०८०/३/१७ | प्राकृतिक स्रोत द्वन्द्ध रुपान्तरण केन्द्र | तालिम संचालन | ६३,००० |
| १२ | ८७१/२०८०/३/१७ | एकता अपाङ्ग संघ | अपाङ्गता सम्वन्धि कार्यक्रम | ४७,४०० |
| १३ | ८८५/२०८०/३/१९ | भिजन नेपाल | सिप विकास तालिम तथा महिला आय आर्जन | १,५०,००० |
| १४ | ८६०/२०८०/३/१९ | नेपाल घरेलु तथा साना उधोग महासंघ | तालिम संचालन | २,८६,५०० |
| | | | जम्मा रु. | १७२६९९४ |

## ३३ अनुत्पादक खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम स्थानीय सरकारले योजना तथा कार्यक्रम संचालन गर्दा स्थानीय उत्पादन वृद्धी गर्ने तथा रोजगारी सिर्जना गर्ने गरी छनौट गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख गरेको छ। गाउँपालिकाले कानूनले गरेको व्यवस्था वमोजिम रोजगारी सिर्जना र उत्पादन मुलक क्षेत्रमा कार्यक्रम संचालन गर्नुपर्दछ । पालिका वाट संचालन भएका वितरण मुखी तथा अनुत्पादक कार्यक्रमको केही उदाहरण निम्न छन् ।

| गो भौ नं | कार्यक्रम | रकम |
|---|---|---|
| २४/२०७९/५/२९ | निजामती सेवा दिवस कार्यक्रम | ९०,९१७ |
| १०६/२०७९/६/२८ | वडा दशैको उपलक्ष्यमा रामलिला मेला संचालन | १,७६,६१५ |
| १०७/२०७९/६/३० | सेवादास सिव भगवना मन्दीर | ५०,००० |
| ११९/२०७९/७/३ | प्रथम सहिद सेतु वि.क स्मृती कप २०७९ | १२०,०१० |
| १३३/२०७९/७/१७ | डाँफे कप तथा वृहत सांकृतिक कार्यक्रम | २,२०,००० |
| १५१/२०७९/७/२५ | मदरशा र विधालयहरुमा झोला वितरण | ४,००,००० |
| १५२/२०७९/७/२५ | स्वर्गिय मित्रलाल स्मृती नाटक मञ्चन | ५०,००० |
| १९८/२०७९/८/२० | स्वर्गीय तेजवहादुर मेमोरियल फुटवल | ७९,७०० |
| १९९/२०७९/८/२० | खेलकुद सामग्री खरिद | ९०,००० |
| २३८/२०७९/९/२४ | इस्लाम धर्मावलम्वीहरुको महान पर्व तजिमको लागि त्रिपाल खरिद | ५३,००० |
| २८२/२०७९/१०/२४ | शैहद वावाको मर्मत | १,७७,४३० |

३४ **नाफामूलक संस्थालाई अनुदान**

नाफामूलक संस्थालाई कार्यालय सामान : ९४९।२०८०।३।२४ गाउँपालिकाले वागेश्वरी वहुउद्देश्यिय कृषि वजार सहकारी संस्था लि लाई कार्यालय सामान अन्तर्गत ल्याप्टप, सोफा, कम्प्युटर्स टेवल, दराज लगायतका रु ८४३७८२ मूल्य वरावरको सामान खरिद गरेको विल राखी भुक्तानी गरेको छ । नाफामूलक सहकारी संस्थालाई गाउपालिका वाट भएको अनियमित खर्च देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ८,४३,७८२ |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : **खजुरा गाउँपालिका, बाँके**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Nirparaj Updhayay | २०७९-४-१५ | २०७९-११-१८ |
| कार्यालय प्रमुख | Arjun Subedi | २०७९-११-१९ | २०८०-७-१८ |
| कार्यालय प्रमुख | Bas Bahadur Rana | २०८०-८-२० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Bam Bahadur K.C | २०७५-५-२२ | २०७९-४-१४ |
| लेखा प्रमुख | Pradip Sunar | २०७५-११-११ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,५५०,०९५ | २७,८६१,३१५ | १४,५९८,१६३ | ० | ० | ९,७९४,४५२ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५९,८०४,०२५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १३,८१९,०१५ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४५,९८५,०१० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १२०१५३१५९.०९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५०५९५५२२८.७४ | **चालु खर्च** | ४६२४४०४०६.४८ |
| **प्रदेश सरकारबाट अनुदान** | २२८४७९१६.३७ | **पूँजीगत खर्च** | १८६८६६४०६.८७ |
| **राजश्व बाँडफाँट** | १११७८३२०५.८५ | **वित्तीय/अन्य व्यवस्था** | २६०९५८९९५.२२ |
| **आन्तरिक आय** | १९५८९६०४.८१ | | |
| **अन्य आय** | २८९३५४५६०.३५ | | |
| **कुल आय** | ९४९५३०५१६.१२ | **कुल खर्च** | ९१०२६५८०८.५७ |
| **बाँकी मौज्दात** | | १५९४१७८६६.६४ | |